# सर्वोच्च अदलतमा कस्ले पुऱ्यायो सुनुवार सेवा समाजलाई

सुनुवार डट ओआरजि समाचारदाता । माबर सुनुवार, विष्णु सुनुवार, प्रकाश सुनुवार, दिपक सुनुवार र उदयबहादुर सुनुवारको निवेदनका आधारमा जिल्ला प्रशासन कार्यालयले २२२ जना राष्ट्रिय प्रतिनिधिले चयन गरेको कोइँच (सुनुवार) हरुको प्रतिनिधि संस्था सुनुवार सेवा समाज वर्तमान (आठौं) कार्य समितिलाई अवैधानिक भएको भनी बदर गरे पछि सरकार पक्षले आदिवासी जनजातिहरुको संस्था माथि हस्तक्षेप गरेको ठहर गर्दै सुनुवार सेवा समाजले सर्वोच्चमा रिट दायर गरेपछिको सर्वोच्च अदलतले हाललाई जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई उक्त आदेश कार्यान्वयन नगर्नु भनि उत्पेषण जारी गरेको छ ।

नेपालका केही राजनीतिक व्यक्ति, पार्टीहरु तथा सरकारले हिजाका दिनदेखि आदिवासीलाई केही वफादार भनिएका आफ्ना आदिवासी चरहरुको सहायतामा थिचोमिचो गर्दै आएको यथार्थ कसैको लागि नौलो होइन । आदिवासी दबाउन आदिवासीहरुलाई प्रयोग गर्ने विश्वव्यापी पुरानो ढाँचा नै हो । अझै पनि आदिवासीहरुले गुलिया कुरा गर्ने राज्य पक्षका उत्पीडक, शासक तथा राज्यका चर बनेका आदिवासी नाइकेहरुदेखि बेलैमा सचेत नहुने हो भने आदिवासी आन्दोलन त्यसै तुहिने आदिवासी जनजाति विज्ञहरुको दावी रहेको छ ।




मिति:–२०६७।०९।२०

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू
जिल्ला प्रशासन कार्यालय
बबरमहल,काठमाण्डौं,नेपाल ।

विषय:–सुनुवार सेवा समाजको अवैधानिक समिति बदर गरी पुन: निर्वाचन गराइँ पाउँ ।

महोदय,

संस्था दर्ता नं .९४/०४८/०४९ सुनुवार सेवा समाजको केन्द्रिय समितिको आठौं राष्ट्रिय सम्मेलनको बन्द सत्र यही पौष १० गतेका दिन संस्थाको भवन कोटेश्वर ३५ मा भएकोमा सभासद श्रीमती दालकुमारी सुनुवार (राप्रप), भूपू रापस चम्पक सुनुवार, भूपू सुसेस अध्यक्ष मान बहादुर सुनुवार र अध्यक्ष उम्मेद्वार मनप्रसाद सुनुवार समेतका अगवानीमा गुण्डा यामबहादुर सुनुवार (वाईबी) लगायतका गुण्डाहरुले कार्यक्रममा आतंक फैलाई निर्वाचन प्रकृयामा जान रोक लगाई ज्यान मार्ने धम्की दिई हलका उपस्थित २५जिल्लाका २२५ जना उपस्थित प्रतिनिधिहरुलाई डरधाक दिई एकलौटी मनोमानी ढंगले कुनै पनि निर्वाचन प्रकृया नअपनाइ प्रतिनिधि बाहेकका पर्यवेक्षकलाई समेत पदाधिकारीमा राखी संस्थाको विधान विपरित समिति गठन गरेको हुँदा उक्त अवैधानिक समिति बदर गरी पुन: निर्वाचन गराइ पाउँ भनी रु ५ को टीकट टाँसी निवेदन पेश गरेको छु । व्यहोरा साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला । श्रीमान् जो आदेश ।

निवेदक

दिपक सुनुवार
श्रीचौंर गा.वि.स
ओखलढुङ्गा
राष्ट्रिय सम्मेलन प्रतिनिधि
सम्पर्क फोन:–९७४१७१४९९९

०६७।१०।२०
खड्ग बहादुर श्रेष्ठ
प्रशासकीय अधिकृत

१३५०

मिति:–२०६७।०९।२०

श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू
जिल्ला प्रशासन कार्यालय ववरमहल,
काठमाण्डौं । नेपाल ।।

विषय:–वैधानिक कार्य समिति चयन गरि पाउँ भन्ने वारे ।

महोदय,

उपरोक्त सम्बन्धमा कोजि द.नं.९४-०४८/०४९ को सुनुवार सेवा समाज केन्द्रीय समितिको आठौं राष्ट्रिय सम्मेलन मिति २०६७ पौष ९ गते अनमोल क्याट्रिङ नयाँबानेश्वर मा उदघाटन भै २०६७/९/१० गते सुनुवार सेवा समाज केन्द्रीय कार्यालय कोटेश्वर ३५ मा दिनको १० बजे बाट बन्द सत्र सुरु गरी आर्थिक प्रतिवेदन, कार्यनीति प्रतिवेदन र भाविकार्ययोजना मा छलफल गरी पारित पश्चयत निर्वतमान कार्य समितिको आफनो समिति उपसमिति विघठन गरि नयाँ समिति चयनको लागी निर्वतमान समितिको प्रस्ताव पछि निर्वाचन समितिले निर्वाचन कार्य विधि बनाई कार्य अगाडी लगदा कार्य अंगाडी बढाउन नदिई विभिन्न वाहाना बनाई हाल काठमाण्डौं पुरानोवानेश्वर वस्ने गोपाल वहादुर सुनुवार ललितपुर ताछीखेल बस्ने श्याम सुनुवार ललितपुर ताछीखेल बस्ने लाफे भन्ने नेत्रवहादुर सुनुवार सहितको टोलीले हुलदङ्गा मच्चाई जसले निर्वाचन विधि र प्रक्रिया अगाडी बढाउछ वा बढाउन खोज्छ उसलाई काटीन्छ भन्दै धम्की दिंदै हातहतियार सहित उपस्थित भै बिजुलीको मेन स्वीच समेत काटी अध्यारो पारी आतंक मच्चाएकोले कोही प्रतिनिधि निवर्तमान सल्लाहकार र कार्य समिति समेत निवाृचन समितिमा बस्न नमाने पछि नयाँ कार्य समिति चयनको लागि अपनाउनु पर्ने निम्न कुनै पनि प्रक्रिया नअनाई,

१. दफा ३९ (४) वमोजिम नयाँ कार्य समिति चयनको लागि वाहालवाला कार्य समितिले निर्वाचन समिति गठन गरी कार्यभार सोम्पनु पर्नेमा सो नभएको ।

२. नयाँ कार्य समिति चयनको लागी निर्वाचन समितिले अपनाउनु पर्ने कार्य विधि अपनाई निम्न कार्यहरु नगरेको

नामावली प्रकाशन, उम्मेदवारी दरखास्त फारम वितरण, उम्मेदवारी दर्ता आदि,

३.विधानत १७ देखी २१ सम्मको कार्य समिति बनाउनु पर्नेमा सो न्यूनतम संख्या सम्म नपुराएको ।

मनप्रसाद सुनुवारको एकलौटी नाम वाचन गरी सुनाएको हुदा माथी उल्लेखित गुण्डागर्दी गर्ने व्यक्तिहरुलाई कानुन वमोजिम कडा भन्दा कडा सजाय गरी उक्त कार्य समिति विघटन गरी नयाँ कार्य समिति गठन गराई पाउ भनी श्रीमान समक्ष यो निवेदन पेश गर्द छु ।

निवेदक

प्रकाश सुनुवार
पाल्ले गा.वि.स.ओखलढुङ्गा
राष्ट्रिय सम्मेलन प्रतिनिधि
सम्पर्क फोन.–९८४१६५१४८

द.नं. ०८/०६६/६७
२०६६/१०/१४

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

काठमाडौं

(…संघसंस्था… फाँट)

फोन ४२६२४७८, ४२६२८२८, ४२६२४४८, ४२४८९८५

फ्याक्स ४२६७६९१

प.सं. ०६६/६७

च.नं. १०३३

बबरमहल काठमाडौं।

मिति:- २०६६।१०।१२

विषय:- साधारण सभा गर्न निर्देशन दिइएको बारे।

श्री सुनुवार सेवा समाज

कोटेश्वर, काठमाडौं।

त्यस संस्थाले मिति २०६६।३।१९ मा बाँकेमा सम्पन्न गरेको ८ औं राष्ट्रिय सम्मेलनमा विधानको प्रक्रिया पूरा नगरी ३८ धाउ, धाम्बीको भएको तथा कार्य समिति चयन गरेको हुँदा उक्त कार्य समिति बदर गरी पुन: निर्वाचन गराइ पाउँ भनी दिनेश सुनुवार, तथा प्रकाश सुनुवार समेतले पेश गरेको निवेदन उपर छानबिन गर्न यस कार्यालयको च.नं. ५४८ मिति ०६६।१०।२ को पत्रबाट उक्त राष्ट्रिय सम्मेलनको निर्णय प्रतिलिपि तथा निर्वाचन सम्बन्धी सम्पूर्ण कागजात माग गरिएकोमा त्यस संस्थाले मिति ०६६।१०।१० मा पेश गरेको उक्त राष्ट्रिय सम्मेलनको निर्णय प्रतिलिपि पेश हुन आएको।

त्यस संस्थाको विधानको दफा ३९ मा कार्यकारिणी समितिको निर्वाचन सर्वसम्मतिबाट हुन नसकेको खण्डमा गोप्य मतदानबाट गर्नु पर्ने व्यवस्था भएकोमा उक्त राष्ट्रिय सम्मेलनमा विवाद भई निर्वाचन मण्डलले निर्वाचन गराउन नसकेको उक्त निर्णयमा स्पष्ट उल्लेख भएको देखिँदा उक्त ~~साधारण सभा~~ कार्य समिति चयन गर्ने निर्णय बदर गरी विधान सम्मत ढंगले अर्को निर्वाचन गर्न निर्देशन दिने गरी मिति ०६६।१०।१२ मा निर्णय भएको हुँदा उक्त निर्णय कार्यान्वयन गर्न निर्देशन दिइएको व्यहोरा निर्णयानुसार अनुरोध गरिन्छ।

बोधार्थ:

श्री दिनेश सुनुवार (प्रकाश सुनुवार समेत: जानकारीको लागि)।

०६६।१०।१२

… बहादुर …

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी.
आदेश
सम्वत् २०६७ सालको रिट नं....
विषय : उत्प्रेषण

सुनुवार सेवा समाज केन्द्रीय समितिका अध्यक्ष मन प्रसाद सुनुवार------------------------------ निवेदक

विरुद्ध

जिल्ला प्रशासन कार्यालय काठमाण्डौ समेत------------------------------ विपक्षी

यसमा निवेदक तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री भीमार्जुन आचार्य तथा ऋषीराम घिमिरेको बहस समेत सुनियो ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५दिन भित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधीवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षी नं १, २ लाई सूचना पठाई त्यसको बोधार्थ महान्याय्याधिवक्ताको कार्यालयमा पठाई दिनु । निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र लिखित जवाफ लिई आफै वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुन भनी रिट निवेदनको १ प्रति नक्कल साथै राखी विपक्षी नं ३, ४, ५, ६ , ७ लाई सम्बन्धित जिल्ला अदालत मार्फत सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु ।

साथै अन्तरिम आदेशका सम्बन्धमा विचार गर्दा मिति २०६७।९।१० को सुनुवार सेवा समाजको आठौं राष्ट्रिय सम्मेलनमा उपस्थित २२२ जना प्रतिनिधिहरुको सहमति भई सर्वसम्मतीबाट १० जना केन्द्रीय सदस्यीय सल्लाहाकार समिति र १६ जना केन्द्रीय सदस्यीय कार्य समिति चयन गरिएकोमा राष्ट्रिय सम्मेलनमा विवाद भई निर्वाचन गराउन नसकेको भन्ने आधार लिई उक्त कार्य समिति बदर गरी अर्को निर्वाचन गर्न भनी जिल्ला प्रशासन कार्यालय काठमाण्डौले मिति २०६७।१०।१२ मा निर्णय गरेको देखिँदा उक्त निर्णय हाल कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरुका नाउँमा अन्तरिम आदेश जारी गरि दिएको छ । नियम बमोजिम पेश गर्नु ।

न्यायाधीश

सम्वत् २०६७ साल फाल्गुण २६ गते रोज ५ शुभम् .........